दुर्गा भगवती गाउँपालिका
गंगा पिपरा, रौतहट, मधेस प्रदेश

# दुर्गा भगवती राजपत्र

खण्ड: ७ संख्या: १ मिति:२०८०।०९।११
भाग-२

## दुर्गा भगवती गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम दुर्गा भगवतीगाउँपालिकाको गाउँकार्यपालिकाले मिति मा जारि गरेको कार्यविधि/नियमावली/निर्देशिका सर्वसाधारणको जानकारी लागी स्थानिय संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ ।

संवत २०८० सालको कार्यविधि नं. १

## दुर्गा भगवती गाउँपालिकाको ग्याँस सिलिण्डर तथा चुल्हो वितरण सम्बन्धि कार्यविधि, २०८०

CamScanner

## दुर्गा भगवती गाउँपालिका

## दुर्गा भगवती गाउँपालिकाको ग्याँस सिलिण्डर तथा चुल्हो वितरण सम्वन्धि कार्यविधि, २०८०

परिच्छेद-

१.......................................................................................................
१ संक्षिप्त नाम-र थर :..............................................................
२ परिभाषा :...................................................................................................
परिच्छेद-२..................................................................................................
३ लाभग्राही घरपरिवार छनौट प्रकिया :........................................................................
४ लाभग्राही घरपरिवार छनौट आधार :........................................................................
५ गाउँ स्तरीय लाभग्राही घरपरिवार छनौट समिति सम्वन्धि व्यवस्था :............................
६ जनशक्ति सम्वन्धि व्यवस्था :...........................................................................
७ वितरण सम्वन्धि व्यवस्था :..............................................................................
परिच्छेद-३..................................................................................................
८ दण्ड जरिवाना :...........................................................................................
९ अनुगमन :.................................................................................................
१०बाधा अड्काउ फुकाउने :...................................................................................
११परिमार्जन तथा संशोधन :.........................................................................

दुर्गा भगवती गाँउपालिका क्षेत्र भित्र रहेका आर्थिक तथा समाजिक रुपबाट पछाडी पारिएका दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम तथा विपन्न वर्गका महिलाहरुको स्वास्थ्य स्थितिमा सुधार ल्याउन महिलाहरुको घरायसी कार्य बोझ कम गरी अर्थोपार्जनका क्रियाकलाप प्रेरित गर्न र विशेष गरी महिलाहरुको इन्धन माथि रहेको जङ्गलको परनिर्भरता घटाउन र खाना पकाउने प्रयोजनको लागि प्रयोग गरिने इन्धनको सुनिच्श्रिता गर्न नेपालको संविधानको अनुसूची-८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ ले गाउँपालिकालाई आवश्यक पर्ने स्थानीय कानुन बनाउन सक्ने कानुनी व्यवस्था गरेकोले सोहि अधिकार प्रयोग गरि दुर्गा भगवती गाँउपालिकाको लक्षित वर्ग विकास कार्यक्रम अन्तर्गत ग्याँस सिलिण्डर तथा चुल्हो वितरण सम्वन्धि कार्यविधि तर्जुमा गरि कार्यपालिका वाट स्वीकृत गरी लागु गरिएको हो ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "दुर्गा भगवती गाउँपालिकाको ग्याँस सिलिण्डर तथा चुल्हो वितरण सम्बन्धि कार्यविधि, २०८०" रहेको छ ।
(२) यो कार्यविधि, कार्यपालिकावाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले दुर्गा भगवती गाउँकार्यपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले दुर्गा भगवती गाँउ कार्यपालिकाको गाउँपालिका उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले दुर्गा भगवती गाँउ कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले दुर्गा भगवती गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) "वडाअध्यक्ष" भन्नाले दुर्गा भगवती गाउँपालिको वडाअध्यक्ष लाई सम्झनुपर्छ ।

(च) "वडा समिति" भन्नाले दुर्गा भगवती गाउँपालिको वडा समितिलाई सम्झनुपर्छ ।

(छ) "सदस्य" भन्नाले दुर्गा भगवती गाउँ कार्यपालिकाको सदस्य तथा वडा सदस्यलाई सम्झनुपर्छ ।

(ज) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्छ ।

(झ) "सभा" भन्नाले गाउँ सभालाई सम्झनुपर्छ ।

(ञ) "गाउँ स्तरीय वितरण समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिलाई सम्झनुपर्छ ।

(ट) "संयोजक" भन्नाले यस कार्यविधि बमोजिम गठिन समितिको संयोजकलाई सम्झनुपर्छ ।

(ठ) "स्थानीय तह" भन्नाले दुर्गा भगवती गाउँपालिका लाई सम्झनुपर्छ ।

(ड) "कच्ची घर" भन्नाले फुसको छानो तथा जस्ता पाता खपडा प्लास्टिकले छाएको घर अर्थात पक्की ढलान नभएको घर सम्झनुपर्छ ।

## परिच्छेद-२

## ग्यास सिलिण्डर तथा चुल्हो व्यवस्थापन सम्बन्धी प्रक्रिया

**३. लाभग्राही घरपरिवार छनौट प्रकृया :**

(१) वडा स्तरीय कार्यक्रमहरुको हकमा लाभग्राही घर परिवार तथ्यांक अनुसूची-१ को बमोजिम संकलन गरी वडा समितिको निर्णय बमोजिम अनुसूची-२ को ढाँचामा दफा ५ को समिति समक्ष पठाउनु पर्नेछ ।

(२) गाउँपालिकास्तरीय कार्यक्रमहरुको हकमा लाभग्राही घर परिवार तथ्यांक अनुसूची-१ को ढाँचामा संकलन गरी तपशिलको समितिको निर्णय बमोजिम अनुसूची-२ को ढाँचामा दफा ५ को समिति समक्ष पठाउनु पर्नेछ ।

**तपशिल**

गा.पा.अध्यक्ष वा निजले तोकेको जन-प्रतिनिधि- संयोजक

सम्वन्धित वडाको वडाअध्यक्ष - सदस्य

गा.पा.अध्यक्षले तोकेको एकजना महिला जनप्रतिनिधि - सदस्य

सम्वन्धित वडाको एकजना वडा सदस्य - सदस्य

रोजगार सेवा केन्द्र प्रमुख

सामाजिक सुरक्षा शाखा प्रमुख

विपद व्यवस्थापन शाखा प्रमुख

**४. लाभग्राही घरपरिवार छनौटको आधार**

१) नेपाली नागरिक ।

२) गाउँपालिकाको स्थायी वासिन्दा ।

३) दलित, अति विपन्न, विपन्नता भएको व्यक्तिलाई प्राथमिकता दिने ।

४) लाभग्राही परिवारको सदस्य सरकारी कर्मचारी, पालिका भित्रका कर्मचारी तथा जनप्रतिनिधि नभएको ।

५) यस पुर्व त्यस किसिमको कुनैपनि सेवा सुविधा प्राप्त नगरेको ।

**५. गाउँपालिका स्तरीय लाभग्राही घरपरिवार छनौट समिति सम्बन्धि व्यवस्था :**

१) दफा ३ को उपदफा १ र उपदफा २ बमोजिमको समितिहरुवाट छनौट भै आएका लाभग्राही घरपरिवारहरुको अन्तिम छनौट गर्न तपसिल बमोजिमको गाउँपालिका स्तरीय छनौट समिति रहने छ ।

**तपशिल**

गा.पा. अध्यक्ष - संयोजक

गा.पा. उपाध्यक्ष - सदस्य

प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एक जना कर्मचारी - सदस्य

सम्वन्धित वडाको वडा अध्यक्ष - सदस्य

योजना शाखा प्रमुख - सदस्य

संयोजकले तोकेको एक जना महिला जनप्रतिनिधि - सदस्य

विपद व्यवस्थापन शाखा प्रमुख - सदस्य

CamScanner

(२) प्रशासन शाखाका शाखा प्रमुखले सचिवको कार्य गर्नेछन ।
(३) उपरोक्त समितिले अनुसूची-३ बमोजिमको ढाँचामा विवरण तयार गर्नेछ ।
(४) उक्त समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**६. जनशक्ति सम्वन्धि व्यवस्था :**

(१) लाभग्राही घरपरिवारको तथ्यांक संकलन गर्ने कार्यका क्रममा जनशक्ति अपुग भएमा यसै कार्यक्रमको रकमबाट
खर्च व्यहोरिने गरि जिल्ला दररेटलाई आधार मानि दैनिक ज्यालादारीको रुपमा खटाई हाजिरी प्रमाणित गरि सेवा
सुविधा उपलब्ध गराइनेछ ।

**७. वितरण सम्वन्धि व्यवस्था :**

(१) दफा ५ को समिति मार्फत छनौट भएका लाभग्राही घरपरिवारलाई ग्यांस सिलिण्डर तथा चुल्हो वितरण गर्न
तपशिल समिति रहनेछ ।

<u>तपशिल</u>

गा.पा. अध्यक्ष - संयोजक ।
गा.पा. उपाध्यक्ष - सदस्य ।
सम्वन्धित वडाको वडा अध्यक्ष - सदस्य ।
संयोजकले तोकेको १ जना महिला जनप्रतिनिधि -सदस्य ।
सम्वन्धित वडाको एकजना वडा सदस्य - सदस्य ।
जिन्सी शाखा प्रमुख - सदस्य सचिव ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वडामा गाउँस्तरीय कार्यक्रम नपरेको खण्डमा सम्वन्धित वडाको वडाअध्यक्ष नै संयोजक हुनेछ ।
(३) एक घरमा एक भन्दा बढीलाई वितरण गरिने छैन ।
(४) उपयुक्त समितिले अनुसूची-४ बमोजिमको ढाँचामा भरपाई तयार गर्नेछ ।
(५) गाउँपालिका स्तरीय योजनामा सामग्री वितरण पालिकाबाट र वडा स्तरीय योजनामा सामाग्री वितरण सम्वन्धित वडाबाट हुनेछ ।

**८. खरिद तथा भुक्तानी सम्वन्धि व्यवस्था :**

(१) लाभग्राही घरपरिवारलाई वितरण गरिने ग्याँस सिलिण्डर तथा चुल्हो खरिद सम्वन्धि व्यवस्था सार्वजनिक खरिद
ऐन तथा नियमावली बमोजिम गरिनेछ ।
(२) उपदफा १ बमोजिम खरिद गरिएको ग्याँस सिलिण्डर तथा चुल्होको भुक्तानी खरिद विल, वितरण भरपाई तथा अनुगमन प्रतिवेदन प्राप्त भएपछि गरिनेछ ।

CamScanner

## परिच्छेद-३
## विविध

**९. दण्ड जरिवाना :**

(१) यदी कसैले नक्कली लाभग्राहीको रुपमा सेवा सुविधा लिएको बिक्री वितरण गरेको प्रमाणित भएमा वितरण सामान जफत गरि कानुन बमोजिम कारकाही गरिनेछ ।

(२)यदी कसैले वितरण गरेको ग्याँस सिलिण्डर तथा चुल्हो अन्य कुनै प्रयोजनको लागि प्रयोग गरिएको पाइएमा निजलाई उक्त सामग्री बराबरको दण्ड जरिवाना गरि निजलाई गाउँपालिका बाट प्राप्त हुने सम्पुर्ण सेवा सुविधाबन्द गरिनेछ ।

**१०.अनुगमन :**

(१) ग्याँस सिलिण्डर तथा चुल्हो वितरण गर्नु पुर्व वा वितरणको दौरानमा वा वितरण पछि कार्यक्रमको प्रभावकारिताको अनुगमन गर्न तपशिल बमोजिमको समिति रहनेछ ।

तपशिल

गा.पा.अध्यक्ष/गा.पा.उपाध्यक्ष - संयोजक ।
प्रमुख प्रशासकिय अधिकृत - सदस्य ।
सम्बन्धित वडाको वडाअध्यक्ष - सदस्य ।
गाउँपालिका प्रमुखले तोकेको १ जना महिला जनप्रतिनिधि - सदस्य
सम्बन्धित वडाको एकजना वडा सदस्य - सदस्य

(२) उपयुक्त समितिले देखिएका व्यहोरा सहित आवश्यक सल्लाह सुझाव गाउँपालिकाको कार्यलाई दिनुपर्नेछ ।

**११.बाधा अड्काउ फुकाउने :**

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**१२.परिमार्जन तथा संशोधन :**

(१) कार्यविधिलाई आवश्यकता अनुसार गाउँपालिकाको कार्यपालिकाले परिमार्जन, संशोधन गर्न सक्नेछ ।

CamScanner

अनुसूची-१

(दफा ३ (१) र (२) संग सम्बन्धित)

मिति :............................

श्री समिति अध्यक्ष/वडा अध्यक्ष ज्यु ,
दुर्गा भगवती गाउँपालिका....................वडा कार्यालय , रौतहट ।

विषय : ग्याँस सिलिण्डर तथा चुल्हो सेट उपलब्ध गराई पाउन ।

महोदय ,

प्रस्तुत विषयमा तँहा वडा कार्यालय/गाउँपालिकाबाट प्रकाशित सुचना बमोजिम म तथा मेरो घरपरिवार तोकिएको लक्षित वर्गभित्र पर्ने भएकोले ग्याँस सिलिण्डर सहित चुल्हो सुबिधा प्राप्त गर्नका लागि म योग्य भएकोले यो निवेदन पेश गरेको छु ।

मेरो घरपरिवारको विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

तपशिल

१.घरमुलीको नाम थर :................................... ना.प्र.नं..................
२.बुवाको/श्रीमानको नाम थर : ...................................
३.बाजेको नाम थर : ......................................साबिकको वडा नं. ............
४.हालको ठेगाना :दुर्गा भगवती गाउँपालिका, वडा नं. ..............

**परिवारिक विवरण :**

| नाम थर | नाता | सम्पर्क नं. |
|---|---|---|
| | | |
| | | |
| | | |

जम्मा परिवार संख्या : ........................

३. घरको अवस्था :

क) पक्की ख) कच्ची ग) टहरो घ) घर नभएको ङ) अन्य

४ आम्दानीको स्रोत :

क) कृषि ख) जागिर ग) उधोग धन्दा घ) मजदुरी ङ) अन्य

५ खाना पकाउन प्रयोग गरेको इन्धन :

क) दाउरा ख) गोबर गुईठा ग) गोबर ग्याँस घ) ग्याँस सिलिण्डर ङ) अन्य

यस आ.व. भन्दा अगाडी यस प्रकृतिका दुर्गा भगवती गाउँपालिकाद्वारा वितरण भएको अवस्थामा मात्र ग्याँस सिलिण्डर/ग्याँस चुलो सेट मैले वा मेरा घरको कुनै पनि सदस्यहरुले सो सामग्रीहरु नबुझेको व्यहोरा ठिक/साचो हो साथै माथि उल्लेखित विवरण समेत ठिक/साचो हो पछिसम्म समेत फरक वा गलत ठहरेमा कानुन बमोजिम सजाय सहुला/बुझौला ।

संलग्न कागजातहरु :

(क) नेपाली नागरिकताको प्रतिलिपि निवेदक नाम थर

(ख) अन्य कागजात

औंठाको छाप

| बाया | दाया |
|---|---|
| | |

निवेदक :
नाम :
ठेगाना :

निवेदकले दिएको व्यहोरा ठिक साचो हो भनि प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने
नाम :
पद :
सही :

CamScanner

अनुसूची-२

(दफा ३ (१) र (२) संग सम्बन्धित)

मिति : ..........

छनौट समिति/वडा समितिहरु बाट छनौट भएका लाभग्राही घर परिवारको विवरण

| सि.नं. | लाभग्राहीकोनाम, थर | ठेगाना | कच्ची घर भए/नभएको | जमिन भए/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

वडा सदस्य　　वडा सदस्य　　वडा सदस्य　　वडा सदस्य　　वडा अध्यक्ष　　गा.पा.अध्यक्ष संयोजक

अनुसूची-३
(दफा ५ संग सम्बन्धित)

मिति :

.....................

गाउँ स्तरीय लाभग्राही घरपरिवार छनौट समितिबाट छनौट भएका लाभग्राही घरपरिवार विवरण

| सि.नं. | लाभग्राहीकोनाम, थर | ठेगाना | कच्ची घर भए/नभएको | जागिर भए/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

वडा अध्यक्ष संयोजक    योजना शाखा प्रमुख    प्र.प्र.अ.    गा.पा. उपाध्यक्ष    गा.पा. अध्यक्ष

अनुसूची-४
(दफा ७ संग सम्बन्धित)

मिति : ....................

<u>ग्याँस सिलिण्डर तथा चुल्हो वितरण भरपाई</u>

| सि.नं. | लाभग्राहीको नाम, थर | ठेगाना | ग्याँस सिलिण्डर, चुल्हो सेट-थान-१ | बुझिलिनेको सहिछाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

महिला सदस्य　　वडा सदस्य　　वडा अध्यक्ष　　गा.पा.अध्यक्ष संयोजक

प्रमाणीकरण मिति :
आज्ञाले
श्री परमानन्द पाठक
प्रमुख प्रशासकिय अधिकृत

CamScanner